नेपाल सरकार

शिक्षा मन्त्रालय

## अनौपचारिक शिक्षा केन्द्र

सानोठिमी, भक्तपुर

### विज्ञ सूची (Roster) तयारीका लागि नाम दर्ता गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति २०७३।७।२५)**

अनौपचारिक शिक्षा केन्द्रले अनौपचारिक शिक्षा सम्बन्धी तपसिलका कार्यहरु गर्ने गराउने प्रयोजनका लागि विज्ञ सूची तयार गर्नुपर्ने भएकाले तोकिए बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले निम्नानुसारको विवरणसहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस केन्द्रमा आइपुग्ने गरी रु.१०।- को टिकट टाँसी तोकिएको ढाँचामा निवेदन दर्ता गराउनहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. कार्य प्रयोजन :

पाठ्यक्रम, पाठ्य पुस्तक, निर्देशिका, तालिम सामग्री लेखन, तालिम सञ्चालन, अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका नीति तथा कार्यक्रम आदि कार्य ।

२. सर्तहरु :

क. विज्ञहरुको सूची दर्ता सम्बन्धी निवेदन अनौपचारिक शिक्षा केन्द्रको वेबसाइटमा उपलब्ध गराइएको ढाँचाबमोजिम हुनुपर्ने छ । निवेदनमा उल्लिखित कुराको पुस्ट्याइँ हुने कागजातहरु संलग्न हुनुपर्ने छ ।

ख. शैक्षिक योग्यताको हकमा शिक्षा शास्त्रमा न्यूनतम स्नातक तह उत्तीर्ण हुनुपर्ने छ ।

ग. विज्ञको सूचीकरण तथा परिचालन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार अनौपचारिक शिक्षा केन्द्रमा निहित रहने छ ।

घ. योग्यता र अन्य कागजात (स्थायी लेखा नं., नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्रका प्रतिलिपिमा सम्बन्धित व्यक्तिले प्रमाणित गरेको हुनुपर्ने छ ।)

ङ. इमेलबाट आवेदन पठाउने आवेदकहरुको योग्यताको प्रमाणपत्र र अन्य कागजात स्क्यान गरी पठाउनुपर्ने छ ।

च. व्यक्तिगत विवरण (bio–data)

छ. इमेल ठेगाना : nfec2016@gmail.com

sapkotapadma@gmail.com

वेबसाइट www.nfec.gov.np